## कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१०/०८१/८२

आज मिति २०८१।१०।२८ गते सोमबार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद शाह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.१०/०८१/८२ (दशौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | [signature] | |
| २. | रौशन परविन | नगर उपप्रमुख | [signature] | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | [signature] | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | [signature] | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | [signature] | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | [signature] | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | [signature] | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | [signature] | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | [signature] | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | [signature] | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | [signature] | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | [signature] | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | [signature] | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | [signature] | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | [signature] | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | [signature] | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | [signature] | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | [signature] | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | [signature] | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | [signature] | |
| ३५. | उदित कुमार-साह कानु | कार्यपालिका सदस्य | [signature] | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | [signature] | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | [signature] | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कु. महतो | प्रशासन प्रमुख | [signature] | |
| २. | पुजा थापा | अ. दैखी | [signature] | |
| ३. | श्यामवाबु प्र. यादव | का. स. | [signature] | |

# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.१०/०८१/८२ मिति २०८१।१०।२८ गतेको एजेण्डा तथा निर्णयहरु

## छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

**१. तराई मधेश समृद्ध कार्यक्रमको योजना माँग गर्ने सम्बन्धमा ।**

**निर्णय :** तपसिल बमोजिमको योजनाहरु तराई मधेश समृद्ध कार्यक्रमको योजनाबाट माँग गर्ने निर्णय गरियो ।

तपसिल :

१. वडा नं.६ शिव साहको घर देखि हुलाकी राजमार्ग सम्म रहेको अधुरो बाटो र नाला निर्माण ।

२. वडा कार्यलय भवन निर्माण कार्य वडा नं.१, ३, ५, ७, ९ र २४ ।

३. सामुहिक दलित अवास निर्माण २०० घरधुरी प्रति घर ६,५०,०००।-का दरले ।

४. कलैया २२ मटेरिया स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टरको कर्मचारी आवास गृह निर्माण ।

५ वडा नं.२३ मा स्कुल निर्माण ।

६. वडा नं.१७ मा स्कुल निर्माण ।

७. वडा नं.१३ मा स्वास्थ्य चौकी कम्पाउण्ड मर्मत ।

८. वडा नं.१८ पतौराको विधालय निर्माण ।

९ वडा नं.१९ को स्वास्थ्य चौकी (जिर्ण अवस्थामा रहेको) निर्माण ।

१०. रामराज कुशवाहाको घर देखि उत्तर तर्फ स्वास्थ्य चौकी सम्म बाटो ढलान ।

११. वडा नं.२६ को स्वास्थ्य संस्थाको कम्पाउण्ड वाल निर्माण सम्बन्धमा ।

**२. फोहरमैला प्रशोद्धन केन्द्र निर्माणका लागि जग्गा उपयोग गर्न अनुमतिका लागि अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको लागि फोहर मैला प्रशोद्धन केन्द्र (Land Fill site) निर्माणका लागि जिल्ला बारा साविक गा.वि.स. बघवन, वडा नं.६ हाल कलैया उपमहानगरापलिका वडा न.१४ को नेपाल सरकारको नाममा रहेको कि.नं.१ ज.वि. ३०-१२-१४ फिल्ड बुकमा पर्ती (सरकारी ऐलानी) रहेको जग्गा **सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९** बमोजिम उपयोग गर्नका लागि उपलब्ध गराउन संघियं मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ, जिल्ला प्रशासन कार्यालय, बारा, मालपोत तथा भुमिसुधार कार्यालय, कलैया, बारा, नापी कार्यालय, कलैया, बारा लाई अनुरोध गर्ने निर्णय गरियो ।

**३. स्वास्थ्य सेवा अधिकृत स्तरका कर्मचारीहरुको स्तर वृद्धि सम्बन्धमा ।**

**निर्णय :** मधेश प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम यस उपमहानगरपालिकाबाट मिति २०८१/०७/२८ गते प्रकाशित सुचना र मिति २०८१/०९/०१ गते प्रकाशित म्यादथप सुचना अनुसार स्वास्थ्य सेवा, अधिकृत स्तर छैठौं तहका कर्मचारीहरुले दिएको निवेदन तथा प्रदेश लोक सेवा आयोग, मदेश प्रदेशको च.नं.५८६ मिति २०८१/०९/२८ गतेको राय परामर्श सम्बन्धि पत्रको निर्णय नं.३ र ४ मा उल्लेख भए बमोजिम स्तर वृद्धिका लागि योग्य ठहर रहेका स्वास्थ्य सेवाका अधिकृत छैठौं स्तरका कर्मचारीहरुको स्तर वृद्धिका लागि यस उपमहानगरापलिकाको स्थानीय सेवाको गठन, संचालन र सेवाका सर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०८१ को नियम २० को उपदफा ३ अनुसार गठित "कर्मचारीहरुको

तह वृद्धि तथा स्तर वृद्धि सिफारिस समिति" को मिति २०८१/०९/२९ गतेको सिफारिस बमोजिम स्तर वृद्धिका लागि योग्य ठहर रहेका तपसिलका स्वास्थ्य सेवाका अधिकृत छैठौ स्तरका कर्मचारीहरुको देहाय बमोजिम पद, तह कायम हुनेगरी स्तर वृद्धि गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं | कर्मचारीको नाम | सेवा/समुह | हालको पद/तह | हालको पदमा नियुक्ति/बढुवा मिति | तहवृद्धि भइ कायम हुने पद/तह |
|---|---|---|---|---|---|
| १ | अजय कुमार जयसवाल | स्वास्थ्य/हे.ई | ज.स्वा.नि./ अधिकृत छैठौं | २०७५।१०।१५ | ज.स्वा.अधिकृत, अधिकृत सातौं |
| २ | शैलेश कुमार महतो | स्वास्थ्य/हे.ई | ज.स्वा.नि./ अधिकृत छैठौं | २०७६।०९।३० | ज.स्वा.अधिकृत, अधिकृत सातौं |
| ३ | महम्मद सजाद अंसारी | स्वास्थ्य/हे.ई | ज.स्वा.नि./ अधिकृत छैठौं | २०७३।१०।२३ | ज.स्वा.अधिकृत, अधिकृत सातौं |

**४. स्थानिय निकायका कर्मचारीहरुको तह कायम गर्ने सम्बन्धमा ।**

**निर्णय :** मधेश प्रदेश, स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा (२३) मा "*यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि साविक स्थानीय निकायको स्वीकृत दरवन्दीमा पाँचौ तहमा स्थाई नियुक्ती पाइ दस वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी छैठौं तहमा स्तरवृद्धि भई कार्यरत रहेका र सातौं तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई अख्तियारवालाले सातौं तह कायम गरिदिने छ ।*" भनी व्यवस्था भएको र साविक स्थानीय निकायको स्वीकृत दरवन्दीमा पाँचौ तहमा स्थाई नियुक्ती पाई दस वर्ष सेवा अवधि पुरा गरी छैठौं तहमा स्तरवृद्धि भई यस उपमहानगरपालिकामा कार्यरत रहेका तपसिलका कर्मचारी हरुले सोही ऐनको दफा ८ को उपदफा (२३) बमोजिम तह वृद्धिका लागि निवेदन पेश गरेकाले देहाय बमोजिम पद, तह, सेवा, समूह कायम हुने गरी तह कायम गर्ने निर्णय गरियो ।

**१. श्री रोसन कुमार अधिकारी**

| हाल कार्यरत पदको विवरण | तह कायम भएको पदको विवरण |
|---|---|
| सेवा - बिबिध<br>समुह/उपसमूह -<br>पद - अधिकृत<br>तह - अधिकृतस्तर छैठौ<br>हालको पदमा स्तर वृद्धि मिति- २०७८/०६/०१ | सेवा - बिबिध<br>समुह/उपसमूह -<br>पद - अधिकृत<br>तह - अधिकृतस्तर सातौ<br>जेष्ठता कायम हुने मिति - २०८१/१०/२८ |

२. श्री राजिव कुमार यादव

| हाल कार्यरत पदको विवरण | तह कायम भएको पदको विवरण |
|---|---|
| सेवा - प्रशासन<br>समुह/उपसमूह -<br>पद – अधिकृत<br>तह - अधिकृतस्तर छैठौ<br>हालको पदमा स्तर वृद्धि मिति- २०७९/०६/१३ | सेवा -प्रशासन<br>समुह/उपसमूह -<br>पद – अधिकृत<br>तह - अधिकृतस्तर सातौ<br>जेष्ठता कायम हुने मिति - २०८१/१०/२८ |

**५. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट योजना स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय :** तपसिलका योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट पारिश्रमीक भुक्तानी हुनेगरि आ.ब.२०८१/०८२ का लागि योजना स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | वडा नं. | योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|
| १ | १,३,५ | खौराही खोला रोड निर्माण कार्य | |
| २ | ५ | खौराही रोड निर्माण कार्यमा राम राजा (मो.वि.शाह) बहुमुखि क्याम्पसको केही भवन सडकमा पर्न आएकोले उक्त भवन भत्काउने कार्य | |
| ३ | | वडा नं.९,६,७ र १४ को सिमाना सम्म खौराही नदी सरसफाई कार्य | |
| ४ | ९ | ओहिंद मियाको घर देखि कुलो सम्म कृषि बाटो मरमत | |
| | | कुलो देखि नन्दु साहको गोठ सम्म नयाँ कृषि बाटो निर्माण | |
| | | टेग्रहर नदीको कुलो सरसफाई | |
| ५ | २७ | बुधिया देवीको घर देखि वडा नं.२६ को बडका डघर (सडक) सम्म कृषि बाटो निर्माण | |
| ६ | २४ | दलित टोल बाटो ग्रेभल र बेलवाडी देखि वंगरी सम्म कृषि सडक ग्रेभल | |
| ७ | १९ | पारस राउतको घर देखि रामअसंरे रावत कुर्मिको पोखरी सम्म र पोखरी देखि दक्षिण सार्वजनिक पोखरी सम्म र राम असरे रावत कुर्मिको पोखरी देखि उत्तर साईडमा मोतिसर आवतजावत ग्रेभल बाटो सम्म जोडने | |
| ८ | २२ | साविक भोडहा वडा नं.७ मा रहेको खेलकुद मैदान देखि उत्तर हुदै २२ नं.वडाको सिमानासम्म रहेको बाटो मर्मत गर्ने । | |
| | | मटेरिया टोलमा रहेको भुवाली साहको घर देखि मुसहर माझी टोल हुदै जाने कुलो सरसफाई गर्ने । | |
| | | मटेरिया र मदिलवा टोलको कृषि सिचाई कुलो सरसफाई गर्ने । | |

| | | | |
|---|---|---|---|
| | | मदिलवा टोलको तिरमुहानी चौक देखि ग्यासुदिनको खेत सम्म को नयाँ कृषि बाटो निर्माण गर्ने । | |

**६. खौराही खोलाको किनारमा सडक निर्माण सम्बन्धमा ।**

**निर्णय :** खौराही खोलाको किनारमा मटिअर्वा मानवत सडक खण्ड अर्न्तगत संस्कार एफ.एम. देखि दुर्गा उच्च मा.वि. सम्म सडक स्तरोन्नती कार्य हुँदा त्याहाबाट निस्केको माटो र ग्रेबल प्रयोग गरी सडक निर्माण गर्ने निर्णय गरियो । सडक निर्माणको लागि नगरपालिकाको सवारी साधनहरु साथै भाडामा समेत लिई प्रयोग गर्ने निर्णय गरियो । साथै सो को भाडा मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**७. खौराही खोलाको किनारमा सडक निर्माणका लागि नाँपजाँच तथा निर्माण सहजिकरण समिति गठण सम्बन्धमा ।**

**निर्णय :** खौराही खोलाको किनारमा सडक निर्माणका लागि नाँपजाँच तथा निर्माण सहजिकरण समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. सदस्य | श्री मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ |
| २. सदस्य | श्री मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ |
| ३. सदस्य | श्री माधव प्रसाद यादव | इन्जिनियर |
| ४. सदस्य | श्री राजकुमार साह | इन्जिनियर |
| ५. सदस्य | श्री अनिल कुमार पाण्डेय | वातावरण शाखा प्रमुख |
| ६. सदस्य | श्री बरुन यादव | अमिन |
| ७. सदस्य | श्री जागरीत गुप्ता | अमिन |
| ८. सदस्य | श्री धनसुन्दर साह | चैनमैन |
| ९. सदस्य | श्री शशीकान्त ओझा | सर्वेक्षक |
| १०. सदस्य | श्री शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख |

**८. लिजाको प्राप्ताङ्क अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय :** आ.व.२०८०/०८१ मा कलैया उपमहानगरपालिकाले लिजा (LISA) मा ९१.५% अङ्क प्राप्त गरेकोले लिजाको प्रप्ताङ्क अनुमोदन गर्ने निर्णय गंरियो ।

**९. पंचवर्षिय गढीमाई मेला व्यवस्थापन समितिको पेश्की फर्छ्यौट तथा भुक्तानी सम्बन्धमा ।**

**निर्णय :** बारा जिल्लाको विश्वप्रसिद्ध पंचबर्षिय गढीमाईमेलामा नगरबासी तथा भक्तजनहरुको सहजताका लागि यस उपमहानगरपालिकाको आन्तरिक स्रोतबाट विनियोजित गढीमाई पंचवर्षिय मेला संचालन तथा व्यवस्थापन शिर्षक बाट गढीमाई मेला संचालन तथा व्यवस्थापनका लागि गढीमाई मेला समितिका सदस्य सचिव/प्रशासन शाखा प्रमुख श्री शैलेश कुमार महतोको नाममा रु.९,००,०००।-अक्षरेपी नौ लाख रुपैया पेश्की निकासा भई विभिन्न ठाउँहरुमा बाँसको स्वागत गेट १८ थान, फलामको अस्थाई स्वागत गेट र स्काई बैलुन २/२ थान लगायतका कार्य कोटेसन द्वारा गराई खर्च भएकोले निजको नाममा रहेको पेश्की फर्छ्यौट गर्न, मेला सजावट तथा व्यवस्थापनका लागि आवश्यक सामाग्री/जिन्सी खरिद गर्न समय कम भएकोले मेला समितिका संयोजक श्री राम विस्वास ठाकुर लोहार र सदस्य श्री रामेश्वर प्रसाद

यादव ज्यूबाट मेला सजावट तथा व्यवस्थापनका लागि आवश्यक जिन्सी/सामाग्री सोझै खरिद गरिएकोले उक्त सोझै खरिद भएका जिन्सी/सामाग्रीहरुको खरिद अनुमोदन गर्न र खर्च रकम भुक्तानीका लागि गढीमाई मेला संचालन तथा व्यवस्थापन समितिको मिति २०८१/०९/१० गतेको निर्णय यस कार्यपालिकामा पेश हुन आएकोले श्री शैलेश कुमार महतोको नाममा रहेको पेश्की रकम फछ्र्यौट गर्ने र मेला व्यवस्थापन समितिबाट सोझै खरिद भएका प्लास्टीक ड्रम, ब्यानर, फलामको पाईप, स्टीलको पाईप, विभिन्न साइजका नेपालको झण्डा, फुल, क्रिसमस ट्री, इत्यादी सामाग्री/जिन्सी हरुलाई अनुमोदन गर्ने निर्णय गरियो । सोझै खरिद भई भुक्तानीका लागि पेश हुन आएको तपसिल बमोजिम खर्च विवरण अनुसारको रकम गढीमाई मेला व्यवस्थापन समितिका संयोजक (वडा अध्यक्ष, वडा नं.६) श्री रामबिश्वास ठाकुर लोहार ज्यूको नाममा भुक्तानी गर्ने, साथै गढीमाई मेलामा स्वास्थ्य सिविर संचालनका लागि औषधि तथा स्वास्थ्यकर्मी व्यवस्थापनमा भएको खर्च वापतको रकम स्वास्थ्य शाखा प्रमुख श्री अजय जयसवालको नाममा भुक्तानी गर्ने निर्णय गरियो । साथै गढीमाई मेला व्यवस्थापनको खर्च विवरण तपसिल बमोजिम रहेको छ ।

## तपसिल :

| क्र सं | विवरण | स्पेसिफिकेशन | इकाई | परिमाण | दर | total | vat 13% | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाँसको स्वागत गेट | ४ पिलर | थान | १८ | २७५०० | ४९५००० | | ४९५००० |
| २ | स्वागत गेट( फलामको) र स्काई वैलुन | ,२।२ थान | थान | २ | १९०५०० | ३८१००० | ४९५३० | ४३०५३० |
| ३ | पेन्टींग(ड्रममा) | | थान | ५० | २५० | १२५०० | | १२५०० |
| ४ | स्टीकर प्रिन्ट,गढीमाई | | थान | १५० | १०० | १५००० | | १५००० |
| ५ | ड्रम ( प्लास्टीकको) | | थान | ५० | १५९२.९ | ७९६४६ | १०३५३.९८ | ८९९९९.९८ |
| ६ | स्वागत फ्लाक्स प्रिन्ट व्यानर ( पटक पटक) | 21X3X18 | थान | ८२ | ११३४.९ | ९३०६२.६ | १२०९८.१४ | १०५१६०.७६ |
| ७ | स्वागत फ्लाक्स प्रिन्ट व्यानर ( पटक पटक) | 10.5X2.5X36 | थान | ८२ | ९४५.९१ | ७७५६४.६ | १००८३.४० | ८७६४८.०२ |
| ८ | नेपालको झण्डा | ३ फिट | थान | १०० | ३९८.२३ | ३९८२३ | ५१७६.९९ | ४४९९९.९९ |
| ९ | नेपालको झण्डा | ६ फिट | थान | ३० | ७९६.४६ | २३८९३.८ | ३१०६.१९ | २६९९९.९९ |
| १० | नेपालको झण्डा | ७ फिट | थान | २० | ९७३.४५ | १९४६९ | २५३०.९७ | २१९९९.९७ |
| ११ | फलामको पाईप (२० फिट भएको) | | कि.ग्रा. | ८५० | ९७.३४ | ८२७३९ | १०७५६.०७ | ९३४९५.०७ |
| १२ | क्रिसमस ट्री | | थान | २० | ४००० | ८०००० | | ८००००.०० |
| १३ | सयपत्री फुल | | थान | १७० | ५० | ८५०० | | ८५००.०० |
| १४ | एस.एस.पाईप स्टीलको | | कि.ग्रा. | ५५.१ | ५५० | ३०३०५ | ३९३९.६५ | ३४२४४.६५ |
| १५ | एस.एस.पाईप स्टीलको | | कि.ग्रा. | २२.४ | ५५० | १२३२० | १६०१.६० | १३९२१.६० |
| १६ | एस.एस.पाईप स्टीलको | | कि.ग्रा. | ७४.७ | ५५० | ४१०८५ | ५३४१.०५ | ४६४२६.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | एस.एस.पाईप स्टीलको | | कि ग्रा | १७ | २७५ | ४६७५ | ६०७.७५ | ५२८२.७५ |
| १८ | बिजुली मिस्त्री। मेला सजावटका लागि पोलबत्ती, फ्यालर,भेपर जडान कार्यका लागि) | १३ दिन | | ६५ | १००० | ६५००० | | ६५०००.०० |
| १९ | लेबर (झण्डा, ड्रममा माटो र सजावट) | १३ दिन | | ९१ | ७५० | ६८२५० | | ६८२५०.०० |
| २० | कृषि एक्स्पो, गढीमाई | | थान | १ | ४४२४८ | ४४२४७.८ | ५७५२.२१ | ४९९९९.९९ |
| २१ | स्वास्थ्य सिविर संचालन | | | | | | | ३५००००.०० |
| | जम्मा | | | | | | १२०८७८ | २१४४९५८.८३ |
| | पेश्की | | | | | | | ९,००,०००.०० |
| | भुक्तानी हुन बाकी रकम | | | | | | | १२४४९५८.८३ |

**१०. योजनाको नाम संशोधन सम्बन्धमा ।**

**निर्णय** : यस उपमहानगरपालिकामा चालु आ.ब.२०८१/०८२ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदानबाट प्रप्त योजना जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं.८ पतौरा देखि मोतिसर हुदै मनहर्वा सम्म नाला तथा सडक ढलान स्तरोन्नती भएकोमा सो योजना कलैया वडा नं.१८ तथा मनहर्वा सम्मको सट्टा मनगढवा सम्म हुनु पर्नेमा कलैया उपमहानगरपालिंका वडा नं.८ तथा मनहर्वा हुन गएको देखिएको हुँदा उक्त योजनाको कार्य कलैया उपमहानगरपालिका १८ मोतिसर गाँउमा महेश साह कानुको घर देखि पश्चिम मनगढवा जाने सडकमा उपभोक्ता समिति मार्फत गर्ने गराउने निर्णय गरियो ।

**११. राष्ट्रिय योजना आयोग मार्फत विशेष अनुदान परियोजना माँग गर्ने सम्बन्धमा ।**

**निर्णय** : यस कलैया उपमहानगरपालिकाको-वडा नं.२६ अन्तर्गतका विपन्न पशुपालनमा आधारित कृषकहरुको जिवन यापन सुधारका लागि आय आर्जन निमित्त निंजहरुको पराम्परागत पेशा पशुपालनलाई पवर्द्धन गरी उन्नत नशलका दुध दिने गाई भैंसी अनुदानमा वितरण गरी ४०० जना विपन्न कृषकहरुको जिवन यापन सुधार गर्न नगरपालिकाले दिगो कार्यक्रम संचालन गरी उक्त क्षेत्रलाई पाँकेट क्षेत्रको रुपमा विकसित गर्न रणनिति समेत लिएकोमा संघिय संरकार द्वारा राष्ट्रिय योजना आयोग मार्फत प्रदान गरिने विशेष अनुदानका लागि आ.व. २०८२/०८३ का निमित्त प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१. उन्नत नशलका दुध दिने गाई भैंसी अनुदानमा वितरण परियोजना लागत रु.५,००,००,०००।- अक्षरेपी पाँच करोड ।

**१२. पुस्तक छपाई सम्बन्धी दर रेट स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय** : बारा प्रिन्टिङ्ग प्रेस, कलैयाले पहिल किरन (भोजपुरी कथा संग्रह) पुस्तक छपाई सम्बन्धी तपसिल बमोजिम पेश गरेको दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

| सि.नं. | विवरण | संख्या | प्रति ईकाई दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | पहिल किरन (भोजपुरी कथा संग्रह) पुस्तक (मल्टीकलर आवरण सहित) | ५०० पिस | १०५।५० | ५२,७५०।- |

**१३. कार्यपालिकाको बैठक सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक प्रत्येक महिनाको पहिलो हप्ता र अन्तिम हप्तामा अनिवार्य दुई पटक बस्ने, साथै आवश्यक्त अनुसार अन्य समयमा बस्ने निर्णय गरियो ।

**१४. "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय :** तपसिलमा उल्लेखित फर्महरुवाट पेश हुन आएको कागजातहरु जाँचबुझ गर्दा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधी २०७५ अनुसार मापदण्ड पुरा गरेको देखिएकोले उक्त फर्मलाई इजाजतपत्र दिने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | निर्माण व्यवसायको नाम | ठेगाना | प्रो.को नाम |
|---|---|---|---|
| १ | आर ए.वि.एस. निर्माण सेवा | कलैया-१ | अमृता कुमारी साह |
| २ | रुही निर्माण सेवा | कलैया -५ | राधा कुमारी जयसवाल |
| ३ | एपि एण्ड ओडी कन्सट्रक्सन | कलैया -२५ | आशिक पटेल र ओसी महमद मिया धुनिया |

**१५. प्रशासकीय भवन निर्माण कार्य ठेक्का नं.KSMC/NCB/WORKS-13-2078/079 को म्याद थप सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य ठेक्का नं.ठेक्का नं.KSMC/NCB/WORKS-13-2078/079 को कार्य चौधरी कन्सट्रक्शनले सम्पन्न गर्न मिति २०८१/०९/०४ गतेको पत्रबाट विभिन्न कारण देखाई म्याद थपको लागि अनुरोध गरेकोले उक्त कार्य सम्पन्न गर्नका लागि २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**१६. कलैया उपमहानगरपालिकाको प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन कार्यविधि, २०८१ माथि विस्तृत छलफल गरियो । साथै स्वीकृत गर्ने निर्णय गरियो ।